भिमसेनथापा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या: ०७९/०८०

च. नं.

मिति:२०७९/०७/१७

## निःशुल्क लोक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति: २०७९/०६/११**

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०७/१७**

प्रस्तुत विषयमा यस भिमसेनथापा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रममा समावेश भएको **"लोक सेवा आयोग तयारी कक्षा तथा करिअर काउन्सेलिङ्ग कार्यक्रम"** अन्तर्गत तपशिलमा उल्लेखित लोक सेवा तथा शिक्षक सेवा आयोगका विभिन्न पदहरुका लागि तयारी गर्न इच्छुक, आवश्यक योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०७९/०७/१७ गते दोस्रो पटक सूचना प्रकाशन गरी आवेदन आह्वान गरिएको छ । इच्छुक, योग्य व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र भिमसेनथापा गाउँपालिकाको महिला तथा बालबालिका शाखामा वा गाउँपालिकाको इमेल ठेगाना mcs.bhimsenthapamun@gmail.com मा आवश्यक कागजातसहित आवेदन दर्ता गर्नुहुन अनुरोध छ ।

तपशिलः

सञ्चालन हुने तयारी कक्षाहरुः-

१.नायब सुब्बा/सहायक पाँचौ तह

२. खरिदार/सहायक चौथो तह

३. शिक्षक सेवा (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह)

आवश्यक न्यूनतम योग्यताः-

१. नायब सुब्बा वा सहायकस्तर पाँचौ तहका लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण,

२. खरिदार वा सहायकस्तर चौथो तहका लागि एस. एल. सी. वा सो सरह उत्तिर्ण

३. शिक्षक सेवाः माध्यमिक तहका लागि शिक्षा शास्त्र विषयमा स्नातक तह वा सो सरह, निम्न माध्यमिक र प्राथमिक तहका लागि शिक्षा शास्त्र विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

सहभागीहरुको उमेरः-

- १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको तथा महिला र अपांगता भएकाहरुको हकमा ४० वर्ष ननाघेको,
- शिक्षक सेवाको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

आवश्यक कागजातहरुः-

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- २ प्रति पासपोर्ट साइजको फोटो
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- आवेदन पत्र

थप जानकारीको लागि मोबाइल नम्बर ९८११८३९४२६ मा सम्पर्क गर्न सकिनेछ ।

कक्षा सञ्चालन हुने मिति र समय पछि प्रकाशन गरिनेछ ।

२०७९।७।१७

चित्र बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

चित्र बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत